# गण्डकी प्रदेशमा खानी तथा खनिज सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**<u>प्रस्तावनाः</u>** प्रदेशको आर्थिक विकासमा टेवा पुऱ्याउनका लागि प्रदेशभित्रका खानी तथा खनिज पदार्थको खोज अन्वेषण, व्यवस्थापन तथा उत्खनन् गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. **<u>सङ्क्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "गण्डकी प्रदेश खानी तथा खनिज ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले दफा ३ वा ४ बमोजिम खनिज कार्यको लागि अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ख) "उत्खनन् कार्य" भन्नाले खनिज पदार्थको उत्खनन्, उत्पादन, शुद्धिकरण, प्रशोधन, ढुवानी, सञ्चय वा बिक्री वितरण गर्ने कार्य सम्झनु पर्छ।

(ग) "खनिज कार्य" भन्नाले खनिज पदार्थको खोज, अन्वेषण वा उत्खनन् कार्य सम्झनु पर्छ।

(ग) "खनिज पदार्थ" भन्नाले जमीनको सतह वा भूगर्भभित्र पाइने सुन, हिरा, युरेनियम जस्ता बहुमूल्य पदार्थ र पेट्रोलियम र ग्याँस पदार्थ बाहेक कुनै निश्चित भौतिक गुण तथा तत्त्वको रासायनिक सम्मिश्रणयुक्त अप्राङ्गिक (इनअर्गानिक) पदार्थ सम्झनु पर्छ।

(घ) "खोज अन्वेषण" भन्नाले खनिज पदार्थ पत्ता लगाउन वा खनिज पदार्थको प्रकार, गुणस्तर वा परिमाण आदि निर्धारण गर्न गरिने सबै प्रकारको जाँच पड्ताल वा सम्भाव्यता अध्ययन सम्बन्धी कार्य सम्झनु पर्छ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको खानी तथा खनिज सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ।

## परिच्छेद-२

## खानीको व्यवस्थापन तथा खनिज कार्य

३. **खानीको व्यवस्थापन गर्ने:** प्रदेशभित्रको खनिज पदार्थको खनिज कार्य यस ऐन बमोजिम प्रदेश सरकारले गर्नेछ।

४. **अनुमति लिई खनिज कार्य गर्न सक्ने:** (१) कुनै पनि व्यक्तिले प्रदेश सरकारको अनुमति लिई गुणस्तर तथा परिमाण यकिन नभएको खनिज पदार्थको हकमा खोज अन्वेषण गर्न र गुणस्तर तथा परिमाण यकिन भई सकेको खनिज पदार्थको हकमा उत्खनन् कार्य गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमति लिनको लागि तोकिए बमोजिमको योग्यता र आर्थिक तथा प्राविधिक क्षमता भएको व्यक्तिले तोकिए बमोजिमको प्रस्तावित योजना, विवरण र ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको निवेदन प्राप्त भएमा मन्त्रालयले आवश्यक जाँचबुझ गरी निवेदन दिने व्यक्ति आर्थिक तथा प्राविधिक क्षमता भएको र आवश्यक योग्यता भएको देखिएमा तोकिएको दस्तुर लिई तोकिएको ढाँचामा खनिज पदार्थको खोज अन्वेषण गर्न वा उत्खनन् कार्य गर्न आवश्यक शर्त तोकी अनुमति दिन सक्नेछ।

(४) यस दफा बमोजिम खनिज कार्यको लागि अनुमति दिइने खनिज क्षेत्रको आकार तथा क्षेत्रफल तोकिए बमोजिम हुनेछ।

५. **प्रतिस्पर्धाको आधारमा अनुमति दिन सक्ने:** (१) दफा ४ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास स्थानमा रहेको वा कुनै खास प्रकारको खनिज पदार्थको खनिज कार्यका लागि मन्त्रालयले प्रतिस्पर्धा गराई अनुमतिपत्र दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रतिस्पर्धा गराउने प्रयोजनको लागि मन्त्रालयले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नु पर्नेछ।

(३) यस दफा बमोजिम प्रतिस्पर्धा गराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६. **प्राथमिकता दिइने:** दफा ४ वा ५ बमोजिम खोज अन्वेषण भएको खनिज पदार्थको उत्खनन् कार्य गर्न अन्वेषण कार्यको अनुमति प्राप्त व्यक्तिलाई प्राथमिकता दिइनेछ।

७. **अनुमतिपत्रको अवधि तथा नवीकरण:** (१) दफा ४ वा ५ बमोजिम दिइएको अनुमतिपत्रको अवधि एक वर्षको हुनेछ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले प्रत्येक वर्ष खनिज कार्यको सम्बन्धमा भए गरेका काम तथा प्रगतिको विवरणसहित तोकिए बमोजिमको दस्तुर बुझाई अनुमतिपत्र नवीकरणको लागि मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र नवीकरणको लागि निवेदन परेमा मन्त्रालयले आवश्यक जाँचबुझ गरी खनिज कार्यको प्रगति सन्तोषजनक रहेको पाएमा दफा ९ र १० बमोजिमको अवधि ननाघ्ने गरी एक वर्ष अवधिको लागि अनुमतिपत्र नवीकरण गरिदिनु पर्नेछ।

८. **खर्च रकम वा शेयर लिन सक्नेः** (१) मन्त्रालयले आफुले खोज अन्वेषण गरी वा गर्न लगाई पत्ता लगाएको गुण र परिमाण समेत यकिन भईसकेको खनिज पदार्थको खनिज कार्य गर्न कुनै व्यक्तिलाई अनुमति दिँदा त्यस्तो खनिज पदार्थको खोज अन्वेषण गर्दा लागेको खर्च बराबरको रकम वा शेयर लिन सक्नेछ।

(२) यस ऐन बमोजिम अनुमति दिई गराइने खनिज कार्यमा प्रदेश सरकार हिस्सेदार बन्ने भएमा खनिज कार्य गर्ने अनुमति दिँदा मन्त्रालयले सो विषय समेत खुलाउनु पर्नेछ।

९. **खनिज कार्य गर्नु पर्नेः** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रमा उल्लिखित अवधि भित्र खनिज कार्य सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र खनिज कार्यको सञ्चालन नगरेमा मन्त्रालयले खनिज कार्यको अनुमतिपत्र रद्द गर्न सक्नेछ।

(३) अनुमतिपत्र प्राप्त व्यक्तिले खनिज पदार्थको प्रकृति, भौगर्भिक अवस्था समेतको आधारमा अनुमतिपत्रमा तोकिएको अवधिभित्र खनिज कार्य सम्पन्न गरिसक्नु पर्नेछ।

(४) यस दफा बमोजिम खनिज कार्य गर्दा तोकिए बमोजिमका शर्त पालना गर्नु पर्नेछ।

१०. **अवधि थप गर्न सक्नेः** (१) विशेष परिस्थिति परेको कारणले दफा ९ बमोजिमको अवधिभित्र खनिज कार्य सञ्चालन गर्न वा सम्पन्न गर्न नसक्ने भई अवधि थप गर्नु पर्ने भएमा अनुमतिपत्र प्राप्त व्यक्तिले तोकिएको अवधिभित्र अवधि थपको लागि खनिज कार्यको प्रगति विवरण सहित निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम खनिज कार्य सञ्चालन गर्ने वा खनिज कार्य सम्पन्न गर्ने अवधि थपको लागि निवेदन प्राप्त भएमा मन्त्रालयले आवश्यक जाँचबुझ गरी माग बमोजिमको अवधि थप गर्न मनासिब देखेमा निवेदन परेको एक महिनाभित्र खनिज पदार्थको प्रकृति र भौगर्भिक स्थिति, खनिज कार्यमा प्रयोग भएको प्रविधि र कामको प्रगति समेतको आधारमा तोकिए बमोजिमको दस्तुर लिई तोकिए बमोजिमको अवधि थप गर्न सक्नेछ।

११. **खनिज पदार्थ हस्तान्तरण गर्नु पर्नेः** (१) यो ऐन बमोजिम खनिज पदार्थको खोज अन्वेषणको क्रममा प्राप्त भएको खनिज पदार्थ अनुमति प्राप्त व्यक्तिले मन्त्रालयलाई हस्तान्तरण गर्नु पर्नेछ।

(२) यस दफा बमोजिम हस्तान्तरण भएको खनिज पदार्थ मन्त्रालयले तोकिए बमोजिम व्यवस्थापन गर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि खोज अन्वेषण गर्दा प्राप्त भएको खनिज पदार्थको जाँच तथा परीक्षण गर्नु पर्ने भएमा मन्त्रालयबाट तोकिए बमोजिम स्वीकृति लिइ आवश्यक परिमाणमा त्यस्तो खनिज पदार्थ अनुमतिपत्र प्राप्त व्यक्तिले आफुसँग राख्न वा परीक्षणको लागि प्रयोगशालामा पठाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम जाँच तथा परीक्षणबाट प्राप्त नतिजाको जानकारी अनुमतिपत्र प्राप्त व्यक्तिले मन्त्रालयलाई गराउनु पर्नेछ।

१२. **प्रगति विवरणको प्रतिवेदन पेश गर्नु पर्नेः** यस ऐन बमोजिम खनिज कार्य गर्न अनुमतिपत्र प्राप्त व्यक्तिले गरेको खनिज कार्यको प्रगतिको विवरण प्रत्येक तीन महिनामा मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

१३. **मन्त्रालयले आफै खनिज कार्य गर्न सक्नेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशभित्रको कुनै पनि स्थानमा मन्त्रालयले आफैं खनिज कार्य गर्न सक्नेछ।

१४. **सार्वजनिक निजी साझेदारी गर्न सक्नेः**(१) प्रदेश सरकारले कुनै खनिज कार्य सार्वजनिक निजी साझेदारीको माध्यमबाट समेत गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक निजी साझेदारीको माध्यमबाट खनिज कार्य गर्दा प्रदेश सरकार र निजी क्षेत्रको साझेदारीको अंश तथा अन्य शर्तहरु आपसी सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम निजी क्षेत्रसँग साझेदारी गर्दा निजी क्षेत्रको छनौट प्रतिस्पर्धात्मक रुपमा गर्नुपर्नेछ।

(४) सार्वजनिक निजी साझेदारी सम्बन्धी अन्य व्यवस्था तत्सम्बन्धी प्रदेश कानून बमोजिम हुनेछ र तत्सम्बन्धी छुट्टै प्रदेश कानून नभएमा तोकिए बमोजिम हुनेछ।

१५. **स्थानीय तहसँग सहकार्य गर्न सक्नेः** (१) कुनै स्थानीय तहमा ढुङ्गा, गिट्टी, वालुवा र माटो जस्ता निर्माणजन्य खनिज पदार्थ ठूलो मात्रामा उपलब्ध भएको र सो स्थानीय तहको वित्तीय वा मानवीय स्रोत वा अन्य प्राविधिक कारणले स्थानीय तहले उत्खनन् गर्न नसक्ने भएमा सम्बन्धित स्थानीय तहको

अनुरोधमा प्रदेश सरकारले सम्बन्धित स्थानीय तहसँगको सहकार्यमा त्यस्तो खानीको अन्वेषण र उत्खनन् कार्य गर्न सक्नेछ।

(२) कुनै ठाउँमा ढुङ्गा, गिट्टी, वालुवा र माटो जस्ता निर्माणजन्य खनिज पदार्थ एकभन्दा बढी स्थानीय तहमा फैलिएको भएमा प्रदेश सरकारले त्यस्तो खनिज पदार्थ रहेका स्थानीय तहसँगको सहकार्यमा त्यस्तो खनिज पदार्थको अन्वेषण र उत्खनन् गर्न सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम गरिएको उत्खनन् कार्यबाट प्राप्त लाभको बाँडफाँट र अन्य शर्तहरु सम्बन्धित स्थानीय तहसँग भएको सम्झौता बमोजिम हुनेछ।

१६. **प्रदेश सरकारले सहकार्य गर्न सक्ने:** (१) यस ऐन बमोजिम प्रदेश सरकारले अन्वेषण वा उत्खनन् गर्न सक्ने खानी एकभन्दा बढी प्रदेशमा फैलिएको भएमा त्यस्ता प्रदेश सरकारले आपसी सहकार्यमा त्यस्तो खानीको अन्वेषण र उत्खनन् गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम उत्खनन्बाट प्राप्त लाभको बाँडफाँट र अन्वेषण वा उत्खनन्का अन्य शर्तहरु सम्बन्धित प्रदेश सरकारहरुबीचमा भएको सम्झौता बमोजिम हुनेछ।

१७. **निजी जग्गामा खानीको अन्वेषण वा उत्खनन्:** कुनै व्यक्ति वा सँस्थाको निजी स्वामित्वको जग्गामा कुनै खनिज पदार्थ उपलब्ध भएमा प्रदेश सरकारले प्रचलित कानून बमोजिम त्यस्तो जग्गा प्राप्त गरी सो खनिज पदार्थको अन्वेषण वा उत्खनन् गर्न सक्नेछ।

तर अन्वेषण गर्दा खनिज पदार्थ उपलब्ध नभएमा वा संभाव्य नदेखिएमा त्यस्तो जग्गाधनीको जग्गामा भएको हानी नोक्सानी र खानी अन्वेषण गर्दा लागेको समय बिचार गरी सम्बन्धित जग्गाधनीको सहमतिमा मनासिब क्षतिपूर्ति सम्बन्धित जग्गाधनीलाई उपलब्ध गराई सो जग्गा सम्बन्धित जग्गाधनीलाई नै फिर्ता गर्नु पर्नेछ।

१८. **रकम भराउने:** खोज अन्वेषण गर्ने अनुमतिपत्र प्राप्त व्यक्ति बाहेक अन्य व्यक्तिलाई खनिज पदार्थको उत्खनन् कार्य गर्ने अनुमति दिइएमा वा दफा १३ बमोजिम मन्त्रालयले उत्खनन् कार्य गरेमा वा दफा १४ बमोजिम सार्वजनिक निजी साझेदारीमा उत्खनन् कार्य गरेमा त्यस्तो खनिज पदार्थ खोज अन्वेषण गर्दा लागेको खर्च रकम मध्ये त्यस्तो खनिज पदार्थको स्तर, मात्रा तथा गुणस्तर समेतको आधारमा तोकिए बमोजिम निर्धारण भएको रकम खोज अन्वेषण गर्ने अनुमति प्राप्त व्यक्तिलाई उत्खनन् गर्ने व्यक्ति वा निकायबाट भराई दिनु पर्नेछ।

१९. **जानकारी दिने:** यस ऐन बमोजिम अनुमतिपत्र दिएको, अनुमतिपत्र नवीकरण गरेको तथा खनिज कार्य गरेको जानकारी मन्त्रालयले नेपाल सरकारको सम्बन्धित मन्त्रालयलाई दिनु पर्नेछ।

२०. **विवरण पठाउने:** यस ऐन बमोजिम खनिज पदार्थको खोज अन्वेषणको कार्य सम्पन्न भए पछि मन्त्रालयले खोज अन्वेषणको प्राप्त नतिजा सहितको विवरण नेपाल सरकारको सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछ।

२१. **समन्वय गर्नु पर्ने:** यस ऐन बमोजिम खनिज उत्खनन् कार्य गर्दा गराउँदा प्रदेश सरकारले नेपाल सरकार तथा सम्बन्धित स्थानीय तहसँग आवश्यक समन्वय गर्नु पर्नेछ।

२२. **खनिज कार्य गर्न नसकिने:** खानी सम्बन्धी संघीय कानून बमोजिम राष्ट्रिय सुरक्षा, सार्वजनिक हित वा ऐतिहासिक महत्वको दृष्टिकोणबाट कुनै क्षेत्रलाई खनिज कार्यको लागि निषेधित क्षेत्र घोषित गरिएकोमा त्यस्तो क्षेत्रमा यस ऐन बमोजिम खनिज कार्य गर्न सकिने छैन।

## परिच्छेद-३
## सुविधा तथा सहुलियत

२३. **हातहतियार राख्न सक्ने:** (१) अनुमति प्राप्त व्यक्तिले खनिज कार्यको सिलसिलामा जीउज्यान तथा धन सम्पत्तिको सुरक्षाका लागि प्रचलित कानूनको अधीनमा रही आवश्यक हातहतियार राख्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम राखिएको हातहतियारको विवरण अनुमति प्राप्त व्यक्तिले मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।

२४. **विष्फोटक पदार्थको प्रयोग:** खनिज कार्यका लागि चाहिने विष्फोटक पदार्थ अनुमति प्राप्त व्यक्तिले प्रदेश सरकारले समय समयमा निर्णय गरे बमोजिमको शर्त तथा प्रचलित कानूनको अधीनमा रही पैठारी, सञ्चय, ओसार-पसार र प्रयोग गर्न सक्नेछ।

२५. **सञ्चार उपकरण राख्न सक्ने:** अनुमति प्राप्त व्यक्तिले प्रचलित कानूनको अधीनमा रही खनिज कार्यको लागि आवश्यक सञ्चार उपकरण राख्न सक्नेछ।

२६. **अन्य सुविधा तथा सहुलियत:** यस ऐनमा उल्लिखित सुविधा तथा सहुलितयको अतिरिक्त अनुमतिपत्र प्राप्त व्यक्तिले खनिज कार्य गर्दा पाउने अन्य सुविधा तथा सहुलियत तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-४

## निर्देशक समिति

२७. **निर्देशक समितिः** (१) यस ऐन बमोजिम हुने खनिज कार्यको सम्बन्धमा आवश्यक समन्वय गर्न तथा खनिज कार्यका सम्बन्धमा आवश्यक निर्देशन दिन देहाय बमोजिमको निर्देशक समिति रहनेछः-

(क) मुख्यमन्त्री -संयोजक

(ख) खानी तथा खनिज सम्बन्धी विषय हेर्ने मन्त्री -सह संयोजक

(ग) वन तथा वातावरण सम्बन्धी विषय हेर्ने मन्त्री -सदस्य

(घ) प्रदेश सभाको खानी तथा खनिज सम्बन्धी विषय हेर्ने समितिको सभापति -सदस्य

(ङ) प्रदेश सरकारको प्रमुख सचिव -सदस्य

(च) प्रदेश भित्रका स्थानीय तहका प्रमुख र अध्यक्ष मध्येबाट संयोजकले तोकेको कम्तीमा एक जना महिला सहित दुई जना प्रमुख वा अध्यक्ष -सदस्य

(छ) खनिज कार्य गरिने स्थानीय तहको प्रमुख वा अध्यक्ष -सदस्य

(ज) उद्योग वाणिज्य महासंघको प्रतिनिधि -सदस्य

(झ) संयोजकले तोकेको खानी सम्बन्धी विज्ञ -सदस्य

(ञ) खानी तथा खनिज सम्बन्धी विषय हेर्ने मन्त्रालयको सचिव -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (झ) बमोजिमको सदस्यको पदावधि दुई वर्षको हुनेछ र निजलाई पुनः नियुक्ति गर्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो सदस्यले पदीय दायित्व जिम्मेवारी पूर्वक पूरा नगरेमा निजलाई संयोजकले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(४) निर्देशक समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(५) निर्देशक समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र संयोजकको अनुपस्थितिमा सहसंयोजकले बैठकको अध्यक्षता गर्नेछ।

(६) निर्देशक समितिको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

२८. **निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** (१) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशभित्र रहेको खनिज पदार्थको सम्भाव्यता अध्ययन तथा उपयोगमा सहजताका लागि नीतिगत सुधार गर्नु पर्ने विषयमा प्रदेश सरकारलाई सिफारिस गर्ने,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली कार्यान्वयन गर्न सम्बन्धित निकायबीच समन्वय कायम गर्ने,

(ग) यस ऐन बमोजिम भएको खनिज कार्यको समिक्षा गर्ने,

(घ) यस ऐन बमोजिम भएको खनिज कार्यको सम्बन्धमा अनुगमन गरी तथा गराई सम्बन्धित व्यक्ति, संस्था वा निकायलाई आवश्यक निर्देशन दिने,

(ङ) यस ऐन बमोजिम खनिज कार्य गर्दा परेका वा पर्न सक्ने समस्या समाधानका लागि आवश्यक सहजीकरण गर्ने,

(च) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

(२) निर्देशक समितिले आफुले गर्ने कुनै कामको सम्बन्धमा आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ।

## परिच्छेद-५
## विविध

२९. **जग्गा प्राप्त गर्नेः**(१) यस ऐन बमोजिम खनिज कार्यका लागि अस्थायी वा स्थायी तवरले प्राप्त गर्नु पर्ने जग्गा प्रचलित कानून बमोजिम प्राप्त गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जग्गा प्राप्त गर्दा सम्बन्धित जग्गाधनीलाई आपसी समझदारीमा प्रचलित कानून बमोजिम मुआब्जा दिन वा जग्गाको क्षेत्रफलको आधारमा खनिज कार्यबाट प्राप्त हुने लाभमा हिस्सेदार बनाउन सकिनेछ।

३०. **वातावरणमा प्रतिकूल असर पार्न नहुनेः** (१) यस ऐन बमोजिम खनिज कार्य गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी गर्नु पर्नेछ र त्यस्तो कार्य गर्दा वातावरण संरक्षणका सम्बन्धमा तोकिए बमोजमका बचाउका उपायहरु अपनाउनु पर्नेछ।

(२) खनिज कार्यको लागि अनुमति प्राप्त व्यक्तिले वातावरणमा उल्लेखनीय प्रतिकूल असर पार्ने कार्य गरेको देखिएमा त्यस्तो कार्यमा सुधार ल्याउन मन्त्रालयले सम्बन्धित व्यक्ति वा संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम दिएको निर्देशन पालना गर्नु सम्बन्धित व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ र त्यस्तो निर्देशन पालना नगर्ने व्यक्तिलाई वातावरण सम्बन्धी प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

३१. **रोयल्टी तथा अन्य दस्तुरः** उत्खनन् कार्य गर्ने अनुमति प्राप्त व्यक्तिले मन्त्रालयलाई खनिज पदार्थको प्रकार, गुणस्तर र परिमाणको आधारमा तोकिएको दरमा रोयल्टी तथा अन्य दस्तुर बुझाउनु पर्नेछ।

३२. **स्थानीय विकास शुल्कः** अनुमति प्राप्त व्यक्ति वा संस्थाले रोयल्टीको आधारमा सम्बन्धित स्थानीय तहमा तोकिए बमोजिमको स्थानीय विकास शुल्क बुझाउनु पर्नेछ।

३३. **निरीक्षण तथा जाँचबुझ गर्नेः** (१) मन्त्रालयले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खनिज कार्य भए नभएको निरीक्षण तथा जाँचबुझ गर्नु वा गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षण तथा जाँचबुझ गर्ने प्रयोजनको लागि मन्त्रालयले तोकिएको योग्यता पुगेका कर्मचारीलाई खनिज निरीक्षकको रुपमा तोकी खटाउन सक्नेछ।

(३) उपदफा (१) बमोजिम निरीक्षण तथा जाँचबुझको सिलसिलामा खनिज कार्य भइरहेको वा हुने जनुसुकै ठाउँमा प्रवेश गर्न दिनु र निजले मागेको कागजात तथा विवरण उपलब्ध गराउनु अनुमति प्राप्त व्यक्तिको कर्तव्य हुनेछ।

३४. **विज्ञको सेवा लिन सक्नेः** यस ऐन बमोजिम गरिने खनिज कार्य गर्दा वा गराउँदा तथा सोको अनुगमन तथा जाँचबुझ गर्दा मन्त्रालयले खनिज सम्बन्धी विज्ञको सेवा लिन सक्नेछ।

३५. **आदेश दिन सक्नेः** खनिज कार्यबाट खानी वा खनिज पदार्थको भण्डारलाई हुन सक्ने क्षति, कसैको जीउ वा सम्पत्तिमा पर्न सक्ने चोटपटक वा नोक्सानी रोकथाम गर्न, कुनै प्रतिष्ठानमा हानी नोक्सानी हुन नदिन र भू-क्षय हुन नदिन मन्त्रालयले आवश्यक आदेश दिन सक्नेछ।

३६. **विशेष अधिकारः** (१) प्रदेश सरकारले प्रादेशिक सुरक्षा वा सार्वजनिक हितका लागि आवश्यक देखेमा खनिज कार्य तुरुन्त रोक्का गरी खनिज कार्य गर्ने अनुमति रद्द गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारले खनिज कार्य गर्ने अनुमति रद्द गर्दा अनुमति प्राप्त व्यक्तिलाई पर्न गएको हानी नोक्सानीको लागि मनासिब क्षतिपूर्ति दिनु पर्नेछ।

३७. **सजाय:** (१) कसैले यस ऐन बमोजिम खनिज कार्य गर्ने अनुमति नलिई खनिज कार्य गरेमा प्रदेश सरकारले त्यस्तो खनिज कार्य बन्द गरी खनिज कार्यमा प्रयोग गरिएको यन्त्र, उपकरण, औजार र मालसामान तथा अनधिकृत तवरले उत्खनन् गरेको खनिज पदार्थ समेत जफत गर्नुको साथै त्यस्तो व्यक्तिलाई एकलाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

तर खानी सम्बन्धी सङ्घीय कानून बमोजिम अनुमति लिई खनिज कार्य गरिएकोमा यो व्यवस्था लागू हुने छैन।

(२) अनुमति प्राप्त व्यक्तिले दफा ३५ बमोजिम दिएको आदेश पालना नगरेमा त्यस्तो आदेश पालना नगरेसम्म मन्त्रालयले खनिज कार्य स्थगित गर्न वा खनिज कार्य गर्ने अनुमति रद्द गर्न सक्नेछ र त्यस्तो आदेश पालना नगरेको कारणबाट खानी तथा खनिज पदार्थको भण्डारमा क्षति पुग्न गएमा, भूक्षय भएमा वा कसैको जीउ वा धन सम्पत्तिमा क्षति भएमा एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र क्षतिको आधारमा मनासिब क्षतिपूर्ति समेत त्यस्तो अनुमति प्राप्त व्यक्तिबाट भराउनेछ।

(३) अनुमति प्राप्त व्यक्तिले दफा १२ बमोजिम पेश गर्नु पर्ने विवरण पेश नगरेमा त्यस्तो विवरण पेश नगरेसम्म मन्त्रालयले खनिज कार्य स्थगित गर्न सक्नेछ।

(४) अनुमति प्राप्त व्यक्तिले उपदफा (१), (२) वा (३) मा लेखिए देखि बाहेक यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम विपरीतको कुनै काम गरेमा मन्त्रालयले निजलाई एक लाख रुपैयाँसम्म जरिबाना गर्ने वा खरिद कार्य गर्न दिइएको अनुमतिपत्र रद्द गर्न सक्नेछ।

(५) उपदफा (१), (२), (३) वा (४) बमोजिम सजाय गर्नु भन्दा अगाडि मन्त्रालयले सम्बन्धित व्यक्तिलाई स्पष्टीकरण पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(६) उपदफा (१), (२), (३) वा (४) भएको सजाय उपर चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

(७) मन्त्रालय वा यस ऐन बमोजिम अनुमति प्राप्त व्यक्तिले खनिज कार्य गर्दा कसैले बाधा विरोध गरेमा वा त्यस्तो कार्य गर्न अवरोध सिर्जना गरेमा त्यस्तो व्यक्तिलाई मन्त्रालयले एक लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

३८. **विवाद समाधान:** प्रदेश सरकार र अनुमति प्राप्त व्यक्तिबीच खनिज कार्यसँग सम्बन्धित कुनै कुराको सम्बन्धमा उठेको कुनै विवाद दुवै पक्षले आपसी सहमतिबाट निरुपण गर्न नसकेमा अनुमतिपत्र दिनु अघि कुनै सम्झौता भएकोमा त्यस्तो सम्झौतामा उल्लेख भए बमोजिम र सम्झौता नभएको वा सम्झौतामा उल्लेख नभएकोमा मध्यस्थताद्वारा समाधान गरिनेछ।

३९. **<u>यसै ऐन बमोजिम हुनेः</u>** यस ऐनमा उल्लिखित विषयको हकमा यसै ऐन बमोजिम हुने र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

४०. **<u>नियम बनाउने अधिकारः</u>** यो ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

४१. **<u>कार्यविधि बनाउन सक्नेः</u>** यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही प्रदेश सरकारले आवश्यक कार्यविधि बनाउन सक्नेछ।